# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जीतपुर, बारा
# मधेश प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरणः

*"आत्मनिर्भर, सक्षम एवं जनमुखी स्थानीय सरकार,*
*समृद्धिपूर्ण सुशासन जीतपुरसिमराको आधार"*

(२०८२ साल माघ १ गतेदेखि २०८२ चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरू)

(स्वतः प्रकाशन)

---


| | | |
|---|---|---|
| प्रकाशक | : | जीतपुरसिमरा उपमहानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा |
| फोन नं. | : | ०५३-४१२१७३ |
| वेबसाइट | : | www.jeetpursimaramun.gov.np |
| इमेल | : | info@jeetpursimaramun.gov.np |
| प्रकाशन | : | २०८३ बैशाख |

१. **निकायको स्वरुप र प्रकृतिः**

मुलुकभरका उच्च १७ स्थानीय तहमध्येको एक हो, जीतपुरसिमरा उपमहानगरपालिका। गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत यस उपमहानगरपालिकामा साबिकका भवानीपुर जीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगंज, इनर्वासिरा गाविसको पूरै भाग र मनहर्वा गाविसको (१, २, ३, ७, ८, ९), हरैयाको (१) र रामपुरटोकनी (३) नम्बर वडा समेटिएको छ। यस उपमहानगरपालिकामा २४ वटा वडा छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको जनसंख्या १,२७,३०७ रहेको छ भने क्षेत्रफल करिब ३११.६७ वर्ग कि.मी. छ।यस उपमहानगरपालिकाको पूर्वमा निजगढ नगरपालिका, कोल्हवी नगरपालिका र करैयामाई गाउँपालिका, पश्चिममा विरगंज महानगरपालिका, उत्तरमा हेटौंडा उपमहानगरपालिका र दक्षिणमा परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र कलैया उपमहानगरपालिका रहेका छन् । साबिकको भवानीपुरजीतपुर, डुमरवाना, फत्तेपुर र छातापिपरा गा.वि.स. लाई समेटेर गढीमाई नगरपालिका बनाइएको थियो । गढीमाई नगरपालिकामा १६ वटा वडाहरु थिए ।

२. **निकायको काम, कर्तव्य र अधिकारः**

यस उपमहानगरपालिकाको काम, कर्तव्य र अधिकार नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएको स्थानीय तहको अधिकारको सूची र अनुसूची-९ मा उल्लेख भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची र सो अनुसार सङ्घीय सरकारद्वारा जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय सरकार र मधेश प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी भएका ऐन, नियम/नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा मार्गदर्शन बमोजिम व्यवस्था भएका काम, कर्तव्य र अधिकार अनुसार नियमित रुपमा कार्यसम्पादन गर्दै आएको छ।

३. **निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरणः**

यस उपमहानगरपालिकामा साबिकको स्थानीय निकायमा कार्यरत रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका र प्रचलित कानुनको अधीनमा रही नियुक्त भएका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरू(दैनिक ज्यालदारी बाहेक) समेत गरी कुल ३२८ जना कर्मचारीहरू कार्यरत छन्। यस उपमहानगरपालिकामा नगर कार्यपालिकाको कार्यालय-१(एक), वडा कार्यालय-२४(चौबीस), जीतपुरसिमरा अस्पताल-१(एक), शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/स्वास्थ्य चौकी/आधारभूत/प्राथमिक स्वास्थ्य सेवा केन्द्र-२४(चौबीस) र कृषि तथा पशु सेवा केन्द्र-६(छ) रहेका र तत् संस्थागत संरचनाबाट नियमित रुपमा सेवा प्रवाह हुँदै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवाः**

यस उपमहानगरपालिकाको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपमहानगरपालिकाभित्रको विकास, निर्माण, नियमन, व्यवस्थापन र सेवा प्रवाह गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस उपमहानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्नका लागि सम्बन्धित कार्यसँग सम्बन्धित महाशाखा/शाखा/एकाइ/केन्द्र रहेका छन् भने वडाको हकमा वडा कार्यालयहरू रहेका छन्। महाशाखा/शाखा/एकाइ/केन्द्रका प्रमुखहरू तथा वडा सचिवहरू आ-आफ्नो कार्यप्रति जिम्मेवार रहने व्यवस्था गरिएको छ ।

६. **निकायबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस उपमहानगरपालिकाबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर यस उपमहानगरपालिकाद्वारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०८२ बमोजिम रहेको छ।सो सालबसालि आर्थिक ऐन जीतपुरसिमरा उपमहानगरपालिकाको आधिकारिक वेबसाइट www.jeetpursimaramun.gov.np मा समेत राखिएको छ। सेवा प्राप्त गर्ने अवधिको हकमा प्रचलित कानुनमा अन्यथा लेखिएकोमा बाहेक सामान्यतयाः निवेदन पेश भएको दिनमा नै सेवा प्रवाह गर्ने गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यविभाजन नियमावली, कार्यालयको ओ एण्ड एम तथा अन्य प्रचलित कानुनको अधीनमा रही अधिकार प्रत्यायोजन भएको सीमासम्मको निर्णय सम्बन्धित महाशाखा/शाखा प्रमुख/ वडा सचिवबाट हुने र अन्य प्रशासनिक तथा नीतिगत निर्णयहरू प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका तथा नगर सभाबाट हुने गरेको छ। विकास निर्माणको हकमा सम्बन्धित विषयगत समितिले नीतिगत निर्णय गर्ने गरेको छ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस उपमहानगरपालिकाबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा सामाजिक तथा आर्थिक विकास महाशाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत समक्ष गुनासो राख्न सकिने व्यवस्था रहेको छ। यसका साथै कार्यालयको परिसरमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिले गुनासो उजुरीका लागि सुझाव/उजुरी पेटिका राखेको छ। गुनासोका लागि कार्यालयबाट गुनासो सुन्ने अधिकारी उपसचिव दशौंतहका कर्मचारी श्री शिवजी प्रसादलाई समेत तोकिएको छ।

९. **सम्पादन गरेको कामको विवरणः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश सरकार, उपमहानगरपालिकाबाट जारी भएका ऐन, नियम/नियमावली, निर्देशिका, कार्यविधिले तोके बमोजिमका काम कारवाहीहरू तथा नगरसभाबाट स्वीकृत वार्षिक बजेट अनुसारका कार्यक्रमहरू नियमित रुपमा सम्पादन हुँदै आइरहेको छ। सम्पादन गरेका कामको विवरण चौमासिक रुपमा उपमहानगरपालिकाको वेबसाइट www.jeetpursimaramun.gov.np मा राख्ने व्यवस्था मिलाइएको छ।

१०. **सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः**

कार्यालय प्रमुखको नाम : श्री डमरु प्रसाद निरौला

पद : प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारीको नाम : श्री रामेश्वर बन्जारा

पद : अधिकृत, आठौं

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर,बारा मधेश प्रदेश,नेपाल

**११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची:**

सङ्घीय सरकार र मधेश प्रदेश सरकारबाट स्थानीय तहका लागि जारी गरेका कानुनका अतिरिक्त यस उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर जारी गरेका कानुनहरू स्थानीय राजपत्रमा प्रकाशन गरी जीतपुरसिमरा उपमहानगरपालिकाको वेबसाइट www.jeetpursimaramun.gov.np मा समेत राख्ने गरिएको छ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

चालु आ.व. २०८२/०८३ को माघ महिनाको १ गतेदेखि चैत्र मसान्तसम्ममा भएको आय तथा खर्चको विवरण उपमहानगरपालिकाको वेबसाइट www.jeetpursimaramun.gov.np मा राखिएको छ।

**१३. तोकिए बमोजिमका अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको विवरण आवश्यकताका आधारमा यस उपमहानगरपालिकाको वेबसाइट www.jeetpursimaramun.gov.np मा राखिएको छ। उपमहानगरपालिकाबाट जारी हुने सबै सार्वजनिक सूचनाहरू www.jeetpursimaramun.gov.np मा समेत राख्ने गरिएको छ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**

प्रत्येक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र उपमहानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। उपमहानगरपालिकाले प्रत्येक वर्ष सञ्चालन गर्ने सबै प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रमहरू वार्षिक बजेट किताब (Red Book) प्रकाशन गर्नुका साथै यस उपमहानगरपालिकाको वेबसाइट www.jeetpursimaramun.gov.np मा राखिएको छ।

**१५. सार्वजनिक वेबसाइट भए सोको विवरण:**

जीतपुरसिमरा उपमहानगरपालिकासँग सम्बन्धि संक्षिप्त विवरण एवं अन्य सूचना तथा जानकारीको लागि जीतपुरसिमरा उपमहानगरपालिकाको आधिकारिक वेबसाइट www.jeetpursimaramun.gov.np रहेको छ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग:**

यस उपमहानगरपालिकाको हाल कुनै प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:**

प्रत्येक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र उपमहानगरपालिको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको र सोको प्रगति विवरण उपमहानगरपालिकाको आधिकारिक वेबसाइट www.jeetpursimaramun.gov.np मा राखिएको छ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

यस उपमहानगरपालिकाले सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण गरेको छैन तर त्यस्ता सूचनाहरू प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ। प्रचलित कानुनले गोप्य राख्नु पर्ने भनि तोकी दिएका विषय बाहेक सबै विषयहरू सूचना दिन योग्य रहने छैन।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको हेलो सरकार मार्फत् यस उपमहानगरपालिकासँग सम्बन्धित रहेको भनि प्रेषित गुनासोहरूको समयमा नै फछ्यौंट गर्ने गरिएको र सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट निवेदन दिई माग गरिएका सूचनाहरू समयमा नै उपलब्ध गराउने गरिएको छ।

साथै, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, हेलो सरकारबाट मिति २०८२/१०/०१ देखि चैत्र मसान्तसम्ममा प्राप्त भएका ७ वटा गुनासोहरु मध्ये ६ वटा फयौंट भइसकेको र बाँकी फयौंट हुने प्रक्रियमा रहेको छ ।

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै यस उपमहानगरपालिका र मातहतका शाखा/वडा/स्वास्थ्य संस्थाको सूचना पार्टी वेबसाइटः www.jeetpursimaramun.gov.np र Facebook Page: www.facebook.com/jeetpursimarasubmetropolitan मार्फत प्रकाशन गर्ने गरिएको छ।

२०८३।१।१४

(रामेश्वर बन्जारा)
सूचना अधिकारी

मिति- २०८३ बैशाख १४ गते आइतबार
नेपाल संवत् ११४६ बछलाथ्व एकादशी

बोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
स्थानीय तह समन्वय शाखा, सिंहदरबार काठमाडौं ।
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालयक, कलैया बारा ।

# ( बुँदा नं. १२ सँग सम्बन्धित आय, व्ययको अध्यावधिक विवरण )

**जीतपुरसिमरा उप महानगरपालिका**
**उप महानगरपालिका कार्यपालिकाको कार्यालय, बारा**
कार्यालयको कोड : ८०२२१३०२३००

आय व्ययको विवरण

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१२/३०

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ९१,१२,००,०००.०० | १६,४३,२३,६३८.०० | १८.०३ | ७४,६८,७६,३६२.०० |
| १३३११ समानिकरण अनुदान | ३०,००,००,०००.०० | ५,१७,९०,०५०.०० | १७.२६ | २४,८२,०९,९५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ४७,४२,००,०००.०० | ९,६८,७२,०००.०० | २०.४३ | ३७,७३,२८,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,१५,००,०००.०० | ६६,५०,०००.०० | १०.८१ | ५,४८,५०,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,४३,००,०००.०० | ०.०० | ० | १,४३,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६,१२,००,०००.०० | ९०,११,५८८.०० | १४.७२ | ५,२१,८८,४१२.०० |
| प्रदेश सरकार | ४,७५,००,०००.०० | १,३३,८९,०००.०० | २८.१९ | ३,४१,११,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,५०,००,०००.०० | १,३३,८९,०००.०० | ५३.५६ | १,१६,११,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,२५,००,०००.०० | ०.०० | ० | २,२५,००,०००.०० |
| राजस्व बाडफाड | ५२,५४,००,०००.०० | ११,००,२०,४१८.४८ | २०.९४ | ४१,५३,७९,५८१.५२ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | (१९,८३,७४६.००) | ३,३२,३१,१८३.४६ | -१६७५.१७ | (३,५२,१४,९२९.४६) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | २०,११,८३,७४६.०० | ४,५४,१३,०८६.२८ | २२.५७ | १५,५७,७०,६५९.७२ |
| ११४२१ बाँडफाँड भ‌ई प्राप्त हुने अन्त:शुल्क | ६,५०,००,०००.०० | १,५९,२०,५१०.८२ | २४.४९ | ४,९०,७९,४८९.१८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३,८६,००,०००.०० | ३१,२९,२६७.०० | २.२५ | १३,५४,७०,७३३.०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २३,००,०००.०० | ०.०० | ० | २३,००,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १२,०२,००,०००.०० | १,२३,२६,३७०.९२ | १०.२५ | १०,७८,७३,६२९.०८ |
| अन्तरिक श्रोत | ४९,४०,००,०००.०० | ३,०४,९९,८१५.२३ | ६.१७ | ४६,३५,००,१८४.७७ |
| ११३१३ सम्पती कर | १०,००,००,०००.०० | ५६,७३,५४०.४० | ५.६७ | ९,४३,२६,४५९.६० |
| ११३१४ भुमिकर/मालपोत | २,००,००,०००.०० | ३२,७९,८५८.७६ | १६.३९ | १,६७,२०,१४१.२४ |
| ११३१७ वहाल कर | २,००,००,०००.०० | ५८,९१,१६६.२७ | २९.४६ | १,४१,०८,८३३.७३ |
| ११३१८ वहाल विटौरी कर | १,७६,००,०००.०० | ८,६३,६०६.५५ | ४.९१ | १,६७,३६,३९३.४५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १,५६,००,०००.०० | ०.०० | ० | १,५६,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ४,६५,००,०००.०० | १९,००,०००.०० | ४.०९ | ४,४६,००,०००.०० |
| ११६९१ अन्य कर | १,७६,०००.०० | ९०,३९३.६४ | ५१.३६ | ८५,६०६.३६ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६६,०००.०० | १९,७९५.६८ | २९.९९ | ४६,२०४.३२ |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ८,८००.०० | ०.०० | ० | ८,८००.०० |
| १४२१६ निजी धारा वापतको शुल्क | ४,४००.०० | ०.०० | ० | ४,४००.०० |
| १४२१८ विद्युत सेवा शुल्क | ७,०४०.०० | २,४००.०० | ३४.०९ | ४,६४०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २,१५,००,०००.०० | ६,५२,७६२.०९ | ३.०४ | २,०८,४७,२३७.९१ |
| १४२२१ न्यायिक दस्तूर | १७,६००.०० | ९,३५५.०० | ५३.१५ | ८,२४५.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ८८,०००.०० | ९७,२००.०० | ११०.४५ | (९,२००.००) |
| १४२२४ परीक्षा शुल्क | ६६,०००.०० | ०.०० | ० | ६६,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | १,०३,३७,१९,६६८.०० | २२,२६,३२,८०५.३३ | २१.५४ | ८१,१०,८६,८६२.६७ |
| २११११ पारिश्रमिक कर्मचारी | ३५,४५,६२,९७०.०० | ९,७१,८२,२७५.०६ | २७.४१ | २५,७३,८०,६९४.९४ |
| २११२१ पोशाक | ८३,३०,०००.०० | २१,३७,१७५.०० | २५.६६ | ६१,९२,८२५.०० |
| २११२२ खाद्यान्न | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २११२३ औषधीउपचार खर्च | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| २११३२ महंगी भत्ता | ३६,००,०००.०० | ६,९०,०००.०० | १९.१७ | २९,१०,०००.०० |
| २११३३ फिल्ड भत्ता | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २३,१७,५००.०० | ५,१०,९५०.०० | २२.०५ | १८,०६,५५०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २५,५०,०००.०० | ०.०० | ० | २५,५०,०००.०० |
| २११३९ अन्य भत्ता | ४४,८६,०००.०० | ६,००,१८५.०० | १३.३८ | ३८,८५,८१५.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १,००,००,०००.०० | ८३,०००.०० | ०.८३ | ९९,१७,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,७०,००,०००.०० | ६६,९५,५००.०० | ३९.३९ | १,०३,०४,५००.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ९४,६३,७५०.०० | ६२,१९,४९२.८७ | ६५.७२ | ३२,४४,२५७.१३ |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १०,००,०००.०० | ९,५५,८६३.१४ | ९५.५९ | ४४,१३६.८६ |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | २१,००,०००.०० | ०.०० | ० | २१,००,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ३१,१०,०००.०० | ६,८२,७१०.८१ | २१.९५ | २४,२७,२८९.१९ |
| २२११२ संचार महसुल | १०,५०,०००.०० | २९,५९१.०० | २.८२ | १०,२०,४०९.०० |
| २२२११ इन्धन (पदाधिकारी) | ३०,००,०००.०० | ८,१०,१४१.०० | २७ | २१,८९,८५९.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७१,८३,५४५.०० | ३०,०७,६३५.५० | ४१.८७ | ४१,७५,९०९.५० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४०,५०,०००.०० | २,०२,५१८.०० | ५ | ३८,४७,४८२.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५१,७०,०००.०० | ७,२०९.०० | ०.१४ | ५१,६२,७९१.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १०,००,०००.०० | ९४,०६०.०० | ९.४१ | ९,०५,९४०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५,२६,४४,००९.०० | १,२०,९२,०१२.०० | २२.९७ | ४,०५,५१,९९७.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २४,००,०००.०० | ४९,९५५.०० | २.०८ | २३,५०,०४५.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,२२,५५,०००.०० | २,९६,२८०.०० | २.४२ | १,१९,५८,७२०.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,४१,५०,०००.०० | ३२,०८,९७१.०० | २२.६८ | १,०९,४१,०२९.०० |
| २२४११ सेवा र परामर्श खर्च | ९४,६६,०००.०० | १५,४२,४१८.४० | १६.२९ | ७९,२३,५८१.६० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९०,००,०००.०० | ८६,७०२.०० | ०.९६ | ८९,१३,२९८.०० |
| २२४१३ करार सेवा शुल्क | ७,५७,७२,२७०.०० | २,०९,१४,०१७.७९ | २७.६ | ५,४८,५८,२५२.२१ |

# जीतपुरसिमरा उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, बारा
कार्यालयको कोड : ८०२२१३०२३००

आय व्ययको बिबरण

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१२/३०

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १,७६,०००.०० | ०.०० | ० | १,७६,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १७,६०,०००.०० | ८,४२,७००.०० | ४७.८८ | ९,१७,३००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ८८,०००.०० | ०.०० | ० | ८८,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २,०५,६०,०००.०० | २४,०५,०३३.८० | ११.७ | १,८१,५४,९६६.२० |
| १४२४३ सिफारिश दस्तुर | १,५०,००,०००.०० | ३५,७४,३४४.६९ | २३.८३ | १,१४,२५,६५५.३१ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ९,००,०००.०० | ८,९८,१००.०० | ९९.७९ | १,९००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३५,२०,०००.०० | ५,१५,९००.०० | १४.६६ | ३०,०४,१००.०० |
| १४२४९ अन्य दस्तुर | ८,८०,०००.०० | ७,७९,२४७.२१ | ८८.५५ | १,००,७५२.७९ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८०,५०,०००.०० | २,००,४००.०० | २.४९ | ७८,४९,६००.०० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | ४४,०००.०० | ०.०० | ० | ४४,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ४,४००.०० | ३,२८,५१७.५० | ७४६६.३१ | (३,२४,११७.५०) |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,१६,०००.०० | १३,४८,२१०.४४ | २१८.८७ | (७,३२,२१०.४४) |
| १४५२९ अन्य राजस्व | १०,००,०००.०० | ८,८००.०० | ०.८८ | ९,९१,२००.०० |
| १४५३१ सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| १४६११ व्यवसाय कर | १,००,००,०००.०० | १०,५९,३३०.०० | १०.५९ | ८९,४०,६७०.०० |
| १५१११ बेरूजू | ४०,००,०००.०० | ५९,१५३.२० | १.४८ | ३९,४०,८४६.८० |
| ३२१२२ बैंक मौज्दात | १८,३७,१७,७६०.०० | ०.०० | ० | १८,३७,१७,७६०.०० |
| जनसहभागिता | २,००,००,०००.०० | ०.०० | ० | २,००,००,०००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २,००,००,०००.०० | ०.०० | ० | २,००,००,०००.०० |
| जम्मा | १,९९,८१,००,०००.०० | ३१,८२,३२,८७१.७१ | १५.९२ | १,६७,९८,६७,१२८.२९ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२४१४ सरसफाईसेवा शुल्क | १,२२,१०,०००.०० | ५६,३२,४५३.९५ | ४६.१३ | ६५,७७,५४६.०५ |
| २२४१९ अन्य सेवा शुल्क | ४६,००,०००.०० | १,९५,९४१.९३ | ४.२६ | ४४,०४,०५८.०७ |
| २२५११ कर्मचारी तालिम खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १९,९०,०००.०० | ९९,९८०.०० | ५.०१ | १८,९०,०२०.०० |
| २२५२२ कार्यक्रम खर्च | ५,४६,६५,३००.०० | ६३,५२,३८७.२८ | ११.६२ | ४,८३,१२,९१२.७२ |
| २२५२९ विविध कार्यक्रम खर्च | ९२,७४,६०५.०० | २१,६८,०९९.२२ | २३.३८ | ७१,०६,५०५.७८ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ५३,४५,०००.०० | १,४८,१७६.०० | २.७७ | ५१,९६,८२४.०० |
| २२६१२ भ्रमण खर्च | ४०,००,०००.०० | ३,०६,९४५.०० | ७.६७ | ३६,९३,०५५.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,००,०००.०० | ८९,०८५.०० | ४४.५४ | १,१०,९१५.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ९,००,०००.०० | ८३,३३२.०० | ९.२६ | ८,१६,६६८.०० |
| २२७११ विविध खर्च | ४,०३,१७,९८९.०० | ३४,०१,१३०.०० | ८.४४ | ३,६९,१६,८५९.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ११,००,०००.०० | ५,१४,४४३.०० | ४६.७७ | ५,८५,५५७.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १८,५३,६४,६००.०० | ३,३२,४७,२२९.६० | १७.९४ | १५,२१,१७,३७०.४० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | १,०३,३५,५००.०० | ९,३५,५००.०० | ९.०५ | ९४,००,०००.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ३१,८५,०००.०० | १०,३३,४००.०० | ३२.४५ | २१,५१,६००.०० |
| २५३१५ अन्य सस्था सहायता | ६५,००,०००.०० | ७,५०,०००.०० | ११.५४ | ५७,५०,०००.०० |
| २६३३२ सशर्त अनुदान (चालु) | ९,९४,०००.०० | १,५५,३५९.७८ | १५.६३ | ८,३८,६४०.२२ |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ५८,००,०००.०० | ०.०० | ० | ५८,००,०००.०० |
| २७१११ सामाजिक सुरक्षा | ५२,४३,०००.०० | ४,३०,५००.०० | ८.२१ | ४८,१२,५००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,२९,०८,७९०.०० | १९,८०,०००.०० | १५.३४ | १,०९,२८,७९०.०० |
| २७२११ छात्रवृत्ति | ४३,००,०००.०० | ०.०० | ० | ४३,००,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ६८,३०,०००.०० | ८,५०,०००.०० | १२.४५ | ५९,८०,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | १,४२,८४,६००.०० | ५४,९१,१८०.०० | ३८.४४ | ८७,९३,४२०.०० |
| २७२१९ अन्य सामाजिक सहायता | १०,६०,२४०.०० | ०.०० | ० | १०,६०,२४०.०० |
| २७३१२ उपदान | १९,००,०००.०० | ०.०० | ० | १९,००,०००.०० |
| २७३१३ सेवा निवृत्तको संचित विदा | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २७३१४ सेवा निवृत्तको औषधी उपचार | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २८१४२ घरभाडा | ३६,५०,०००.०० | १,६९,०००.०० | ४.६३ | ३४,८१,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २८२११ राजस्व फिर्ता | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २८२१९ अन्य फिर्ता | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| २८९११ भैपरी आउने चालु खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| पूंजीगत | ९०,१६,८०,३३२.०० | ११,३३,९०,६१४.०० | १२.५८ | ७८,८२,८९,७१८.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ११,००,०१०.०० | ०.०० | ० | ११,००,०१०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १४,०९,६६,९००.०० | १,१४,६६,७९१.०० | ८.१३ | १२,९५,००,१०९.०० |

## जीतपुरसिमरा उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, बारा
कार्यालयको कोड : ८०२२१३९२३००

### आय व्ययको विवरण

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१२/३०

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २९,२५,०००.०० | ६१,४७७.०० | २.१ | २८,६३,५२३.०० |
| | ३११११४ जग्गा विकास कार्य | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| | ३११२१ सवारी साधन | १,८७,००,०००.०० | ७०,४४,७१७.०० | ३७.६७ | १,१६,५५,२८३.०० |
| | ३११२२ मेशिनरी तथा औजार | ४,४७,१८,५२३.०० | ८६,९१,१३२.०० | १९.४४ | ३,६०,२७,३९१.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | १,७५,५१,०००.०० | ८३,४५,०९७.०० | ४७.५५ | ९२,०५,९०३.०० |
| | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| | ३११३५ पूँजीगत परामर्श खर्च | १९,००,०००.०० | ०.०० | ० | १९,००,०००.०० |
| | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | २,४५,०००.०० | ०.०० | ० | २,४५,०००.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | ४८,९८,४९,०४४.०० | ६,०६,५०,३०१.०० | १२.३८ | ४२,९१,९८,७४३.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | २,०७,१९,३३३.०० | ३४,०३,२४८.०० | १६.४३ | १,७३,१६,०८५.०० |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,७७,००,०००.०० | ०.०० | ० | १,७७,००,०००.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | १,२२,११,०००.०० | १,७७,९१०.०० | १.४६ | १,२०,३३,०९०.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,०७,२२,५००.०० | २४,९७,३८६.०० | २३.२९ | ८२,२५,११४.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ९,९१,७००.०० | ०.०० | ० | ९,९१,७००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | ७,३८,०००.०० | ०.०० | ० | ७,३८,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ११,३९,४२,३२२.०० | १,००,८७,२५५.०० | ८.८५ | १०,३८,५५,०६७.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०,००,०००.०० | ९,६५,३००.०० | ९६.५३ | ३४,७००.०० |
| | जम्मा | १,९३,५४,००,०००.०० | ३३,६०,२३,४१९.३३ | १७.३६ | १,५९,९३,७६,५८०.६७ |